# गर्मीमा तातो हावा 'लू' बाट जोगिन गर्न हुने र गर्न नहुने कुराहरू

## गर्न हुने:

- धेरै पानी पिउने
- चिसो पानीले नुहाउने
- खेतबारीमा कामकाज बिहान वा बेलुका गर्ने
- बाहिर निस्कनै परे छाता ओढ्ने वा पातलो कपडाले टाउको छोप्ने, हल्का खालको कपडा वा सुतीको कपडा लगाउने
- कागती पानी, नारिवल पानी तथा फलफूल, काक्रा लगायत घरमा बनाएको ताजा खाना खाने

## गर्न नहुने:

- दिउँसो सकभर घर बाहिर ननिस्कने
- भान्सामा धेरै समय नबस्ने
- मदिरा सेवन नगर्ने
- क्याफिनले धेरै पिसाब गराउने हुँदा चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउने

**हृदयको गति तिव्र हुने, श्वासप्रश्वासमा समस्या हुने, रक्तचाप कम हुने, शरीरबाट पसिना ननिस्कने, टाउको अत्यधिक दुख्ने, चक्कर लाग्ने, हनहनी ज्वरो आउने जस्ता समस्या देखिए बिरामीलाई तुरुन्तै अस्पताल लैजाऔं ।**

**बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीको विशेष ख्याल गरौं ।**

**अनुरोधकर्ता:**

**जनकपुरधाम उप-महानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्वास्थ्य शाखा**